नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #३७

१३ साउन २०७७

| २०७७ बैशाख १ देखि साउन १२ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १३१ | ४४ | ११९ | ६ | ७ | ३ | ४७ | ० | १६१ |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन १२ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १२९ | ४४ | ११८ | ३ | ६ | १ | १७ | ० | ४२ |

# दैनिक विपद् बुलेटिन

१२ साउन विहान १०:०० बजेदेखि १३ साउन बिहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर १४ स्थानमा **पहिरो,** ७ स्थानमा **अबिरल वर्षा,** ५ स्थानमा **आगलागीका** घटना घटेका छन् । यी घटनामा परेर ८ जनाको **मृत्यु,** २ जना **बेपत्ता,** ६ जना **घाईते** भएका छन् । **पहिरो**का कारण ३ स्थानमा **बाटो अबरुद्ध** भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ८ | २ | २६ | ६ | ५१,४०,००० | ३ | ६ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **२६** वटा घट्नाहरु भएका छन् ।
- **मुस्ताङ**को थासाङ गाउँपालिका वडा नं २ न्याउरीकोटस्थित एक घरमाथिबाट **पहिरो** आई घर भत्किदा एक व्यक्तिको घटनास्थलमा नै मृत्यु, अर्को एक व्यक्ति घाईते ।
- **म्याग्दी**को बेनी नगरपालिका वडा नं ९ काउलेगौडास्थित गलेश्वरबाट काउलेगौडा तर्फ मोटरसाईकलमा जादै गरेको बेला सडक माथिबाट आएको **पहिरो**ले रुख ढल्दा च्यापिई २ जना घाईते ।
- **दार्चुला**को दुहु गाउँपालिका वडा नं ३ सल्लेखेतीस्थित एक घर पहिरो आई पुरिदा **२ जना** बेपत्ता। महाकाली नगरपालिका वडा नं ३ बडाली गाउँमा साउन ९ गते गएको **पहिरो**मा बेपत्ता भएका एक बालक मृत फेला
- **रुकुम पश्चिम**को बाफिकोट गाउँपालिका वडा नं ९ स्यालाखेतस्थित एक घर **पहिरो**ले बगाउँदा **२ जना**को **मृत्यु,** **१** जना **घाईते** । आठबिसकोट नगरपालिका वडा नं १३ स्थित एक कच्चि घर माथिबाट **पहिरो** आई पुरिदा **२ लाख १० हजार** रुपैंया बराबरको क्षति । बाफिकोट गाउँपालिका वडा नं ४ स्थित स्यार्पुदह जाने सडक खण्डमा रहेका ५ वटा घुम्ती पसलहरुमा पहिरो पस्दा **९ लाख ८० हजार** रुपैंया बराबरको क्षति । सानिभेरी गाउँपालिका वडा नं ३ ज्यामिरेस्थित एक घरमा बिजुलीको तार सर्ट भई **आगलागी** हुँदा घर, घरमा रहेको अन्नपात, लत्ता कपडा, भाडा वर्तन र नगद रु.२,००,००० गरी **८ लाख** रुपैंया बराबरको क्षति ।

## घट्ना सारांश...

- **बाग्लुङ्ग**को तमानखोला गाउँपालिका वडा नं २ खोलेश्वाङस्थित एक घरमा माथिबाट **पहिरो** आई घरको आधा भाग पुरिँदा घरमा सुतिरहेका **२ जना** बालबालिकाको **मृत्यु** । निसिखोला गाउँपालिका वडा नं १ हर्पेस्थित एक कच्ची घर **बर्षा**को कारण भत्कन जाँदा एक **३ वर्षिय बालक**को घरभित्र पुरिएर **मृत्यु** ।
- **पाल्पा**को रम्भा गाउँपालिका वडा नं १ असर्दीस्थित आफ्नो खेतमा गएका बेला ढुङ्गा माटो सहितको **पहिरो**को भलले बगाउँदा एक जनाको मृत्यु ।
- **सोलुखुम्बु**को दुधकुण्ड नगरपालिका वडा नं ११ साल्मेमा **पहिरो** आई सल्लेरी बाट काठमाण्डौ तर्फ जादै गरेको बा.१७ च.७९३५ नं को स्कारपियोमा ढुंगाले लागी सो गाडीमा सवार ४ जना मध्ये एक जनालाई गाडीबाट निष्कने क्रममा ढुंगाले लागी सामान्य घाईते, उक्त गाडिको माथिको भाग र साईडको भाग कुच्चिएको
- **ईलाम**को रोङ गाउँपालिका वडा नं ४ ओझेलीमा अबिरल बर्षाको कारण आएको **पहिरोले ५** जनाको अम्लिसो, अलैचि र ईस्कुस खेती पुरिदा हुँदा **३ लाख** रुपैंया बराबरको क्षति । सुर्योदय नगरपालिका वडा नं ४ ठुलो श्रीबुङस्थित एक घरमा बालेको मैनबत्तीबाट अचानक **आगलागी** हुँदा घर र भान्सा घर समेत पुर्णरुपमा जलि **१२ लाख** रुपैंया बराबरको क्षति ।
- **ताप्लेजुङ**को पाथिभरा याङबरक गाउँपालिका वडा नं ४ डुम्रिसेमा **अबिरल बर्षा**का कारण एक घर पुर्णरुपमा भत्किई **३ लाख** रुपैंया बराबरको क्षति ।
- **सप्तरी**को बोदेबर्साईन नगरपालिका वडा नं १ धनगढीस्थित एक घरमा खाना पकाउने क्रममा ग्यास लिक भई **आगलागी** हुँदा घर, अन्नपात, लत्तकपडा, फर्निचर, नगद रू.२५ हजार, खसी २ वटा र बाख्रा १ वटा पुर्ण रूपमा जली **२ लाख** रुपैंया बराबरको क्षति ।
- **सिन्धुपाल्चोक**को बलेफी गाउँपालिका वडा नं १ जलबिरे बजारस्थित ईलाका प्रहरी कार्यालय जलबिरेको पर्खाल **अबिरल बर्षा**को कारण भत्किई अनुसन्धानको लागि राखेको मोटरसाईकल समेत पुरिईएको ।
- **नुवाकोट**को बेलकोटगढी नगरपालिका वडा नं ९ स्थित एक घर **पहिरो** आई पुरीदा **६० हजार** रुपैंया बराबरको क्षति ।
- **स्याङ्जा**को आधीखोला गाउँपालिका वडा नं २ सिरिनडाचा बायखोरियास्थित एक कच्ची गोठ माथिबाट **पहिरो** आई बगाउदा ३ वटा गाईको मृत्यु ।
- **अर्घाखाँची**को पार्णेनी गाउँपालिका वडा नं ७ झनेद्रेक गाँउमा एक घर **अबिरल बर्षा**का कारण भासिदा घरको दुई वटा कोठा भत्किई घर समेत चर्किएको ।
- **झापा**को भद्रपुर नगरपालिका वडा नं ८ स्थित मेची अञ्चल अस्पतालको बाहिर रहेको कपडा, फलफुल आदीको सटरमा अचानक बिधुत सर्ट भई **आगलागी** हुँदा पसलभित्र रहेको फर्निचर, कपडा, पेय पदार्थ, फलफुल आदि पुर्ण रुपमा जली नष्ट हुँदा **६ लाख** रुपैंया बराबरको क्षति ।
- **संखुवासभा**को खादबारी नगरपालिका वडा नं ६ हिगुँवास्थित एक घर पहिरोमा पुरिदा एक जना घाईते।
- **तेह्रथुम**को छथर गाउँपालिका वडा नं २ स्थित छथर ईङलिश एकेडेमी बोर्डिङ स्कूलको कक्षा कोठामा **अबिरल बर्षाद**का कारण पानीको भल पसि कक्षा कोठामा रहेका फर्निचरका सामानहरु बिग्रिएको र १ ओटा कक्षा कोठामा खाडल परि भत्किई **५ लाख** रुपैंया बराबरको क्षति ।
- **रौतहट**को चन्द्रपुर नगरपालिका वडा नं ८ गौर चपुर सडक खण्डबाट उत्तर बेतौना गाँउ तर्फ जाने मोडमा निजगढ बाराबाट ना ६ ख ५५०९ नम्बरको ट्रकमा रेल्वे स्टेसन बनाउने कामको लागि लोड गरेर ल्याएको चेनवाला स्काभेटरमा बिजुलिको तार सर्ट भई **आगलागी** हुँदा ट्रकको बाँया पट्टिको ६ वटा टायर पुर्ण रुपमा जलि नष्ट ।

## बाटो अवरोध

- **भोजपुर**को पौवादुम्मा गाउँपालिका वडा नं २ तिवारी भन्ज्याङ स्थित **मध्य पहाडी लोकमार्ग**मा माथिबाट **पहिरो** झरी **बाटो अबरुद्ध** ।
- **सिन्धुपाल्चोक**को बलेफी गाउँपालिका वडा नं ५ कोठेस्थित **अरनिको राजमार्ग**मा **अबिरल परेको बर्षा**को कारण माथिबाट ढुङ्गा र लेदो आई **बाटो पुर्ण रुपमा अवरुद्ध** ।
- **पाल्पा**को तानसेन नगरपालिका वडा नं ८ गौडेपुल नजिकै **सिद्दार्थ राजमार्ग**मा अबिरल बर्षको कारण सडक माथिबाट **पहिरो** झरी **बाटो पुर्णरुपमा अबरुद्ध** ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरोमा परी घाइते भएका व्यक्तिको उद्धार गरी नजिकैको स्वास्थ्य केन्द्रमा उपचारका लागि पुर्याइएको, बेपत्ता भएकाहरुको खोजी कार्य जारी रहेको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको र पहिरोबाट अबरुद्ध भएको बाटो खुलाउने प्रयास भइरहेको ।

## वर्षाको सारांश

साउन १२ गते बिहान ०८:४५ बजे देखि साउन १३ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०४/१३ गते बिहान ०८:४५ बजे १९७ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ७६ र स्वचालितः १२१) मा मापन गरिएको वर्षाको विवरण अनुसार १६६ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (१४८.४ मि. मी.) कैलाली जिल्लाको चिसापानी केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये ६ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, २३ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, ५८ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ९१ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

श्रावण-१३ (मंगलबार) (विहान ७ बजे  देखि २४ घण्टा)

- आज कोशी र नारायणीमा उल्लेख्य बढ्ने र सतर्कता आसपास हुने । कोशीको प्रमुख सहायक नदी तमोर, नारायाणीको केहि साना सहायक नदीमा बहाव खतरा आसपास पुग्न हुने । महाकाली, कर्णाली र यसका सहायक नदीमा बहाव बढ्ने तर  सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ । महाकाली र कर्णालीको केहि साना सहायक नदीमा बहाब सतर्कता पुग्न सक्ने ।
- आज कन्काई,कमला, बागमतीमा पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब बढ्दो हुने र सतर्कता आसपास हुने ।  आज कन्काई,कमला, बागमतीमा पश्चिम राप्ती, बबई , पश्चिम राप्ती, बबई , तिनाउ, बाणगंगाका केहि साना सहायक नदीमा आकस्मिक बहाव भई खतरा तह आसपास सम्म पुग्न सक्ने पुर्वानुमान छ ।
- आज मेचि, विरिङ, निन्दा, बक्राहा, लोहन्द्रा, चिसाङखोला, बुढीखोला, त्रियुगा, माउली, गगान, खाडो, रातो, चुरियाखोला, लालबकैया, पूर्वी राप्ती, आरूण खोला, तिनाउ, बाणगंगा, मानखोला, कान्द्रा, मोहना, खुट्टिया, स्याउली, चौधर  लगायत प्रदेश १, २,५,गण्डकी र सुदूरपश्चिम प्रदेशको चुरे र तराईबाट बहने प्राय सबै नदीमा बहाव बढ्ने र सतर्कता आसपास हुने  तथा केहिमा खतरा आसपास हुने ।
- आज ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, खोटाङ, भोजपुर, उदयपुर, सप्तरी, सिराहा लगायत प्रदेश २ का जिल्लाहरू, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, लम्जुङ, डोटी, अछाम, कालिकोट, दैलेख, डडेलधुरा, बैतडी, बझाङ, बाजुरा  र आसपास भई बहने केहि साना नदीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने मध्यम सम्भावना छ । आज चितवन, नवलपरासी, तनहूँ, स्याङजा, कास्की, पर्वत, बागलुङ, म्याग्दी, पाल्पा, गुल्मी, अर्घाखाँची, रोल्पा, रूकुम, प्यूठान, सल्यान, कपिलवस्तु, रूपन्देही, दाङ बाँके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर भई बहने साना नदिमा आकस्मिक बहावको उच्च संभावना रहेको छ  ।

नोट: पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङले उच्च जोखिमको संकेत गर्छ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः[http://hydrology.gov.np/](http://hydrology.gov.np/)